# मालिका गाउँपालिका
# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन
# ०८१ मंसिर २७ गते

**सार्वजनिक सुनुवाई गरिएका विषयहरुः**

मालिका गाउँपालिकाले **आर्थिक बर्ष ०८०/८१** सम्पन्न गरेका कार्यक्रमहरुको बार्षिक समिक्षा तथा चालु आव ०८१/८२ को पहिलो चौमासिकको कार्यक्रमको समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम

**कार्यक्रम स्थल-** मालिका गाउँपालिका, ६ दरवाङ बजार

**मिति र समय-** २०८१ मंसिर २७ गते दिउँसो ११.३० बजेबाट दिउँसो ४ बजेसम्म

**कार्यक्रम समय-** अवधि- ४.३० घण्टा

**सहजीकरण -** घनश्याम खड्का

**सार्वजनिक सुनुवाइमा उठेका प्रश्न, जिज्ञासा र उत्तरः**

| क्र.सं. | प्रश्नकर्ताको नाम | प्रश्न/गुनासो/सुझाव | उत्तर दिने व्यक्ति | जवाफको व्यहोरा |
|---|---|---|---|---|
| १. | सन्तनाथ जैसी पूर्ववडाध्यक्ष मालिका, ६ | १, गाउँकार्यपालिका भवन बनाउन जग्गा खरिद प्रकृया कता पुग्यो ? जनप्रतिनिधीहरुको चासो किन भएको छैन ?<br>२, सार्वजनिक सुनुवाइको प्रकृया पुगेन, जनसहभागीता कम भयो किन ? | बेगप्रसाद गर्वुजा अध्यक्ष, मालिका गापा | १, गाउँपालिका भवन बनाउने जग्गा खरिद प्रकृया केही अघी बढेको छ। तर पहुँचमार्गमा केही विवाद निक्लेकोले रोकिएको छ। विद्यालयसँग पहुँच मार्गमा जग्गा सट्टापट्टा गर्न खोजेको हो उजुरीले पनी हैरान पारे। |
| २ | थमप्रसाद फगामी, मालिका, १ | छ्यारछ्यारे-निस्कोट सडक जोड्ने योजना कता गयो ? किन सुनुवाइ हुँदैन ? | दीपक सापकोटा, इन्जिनियर, प्राविधिक शाखा प्रमुख | २, छ्यारछ्यारे-निस्कोट सडक जोड्ने योजनामा वन मन्त्रालयमा उजुरी परेकोले योजना रोकिएको छ। खण्ड छुट्याएर मिल्नेसम्म काम गर्छौं। यतिधेरै पारदर्शी र अनियमितामा शुन्यसहनशिलता अपनाउँदा पनि पाईलै पिच्छे अख्तियारमा उजुरी हालेर हैरान भैयो, गत वर्ष ३५ वटा उजुरी परे तर कुनै पनि प्रमाणित भएनन। |
| ३ | रघुनाथ न्यौपाने | १, दुखुखोला-दरवाङ सडक कालोपत्रे ढिला भयो, धुलोले सडक छेउका घरमा समस्या भयो, पालिकाले दवाव दिनु पर्‍यो। | | ३, प्रदेश सरकार अर्न्तगत पूर्वाधार कार्यालयले ठेक्का लगाएको योजना भएकोले हामीले हस्तक्षेप गर्न सक्दैनौं। तर छिटो गर्न र धुलोमा पानी हाल्न पटक पटक भनेका छौं। |
| ४ | छवि विश्वकर्मा जनमोर्चा, स्थानीय | १, मालिकाको पालिका अस्पतालमा सँधै अभाव किन हुन्छ ?<br><br>२, सहकारीलाई चाउचाउ बनाउने उपकरण अनुदान किन दिईयो ? | सन्तु कार्की, श्वास्थ्य शाखा प्रमुख<br><br>लक्ष्मी पुन, उपाध्यक्ष | संघ/प्रदेश औषधी व्यवस्था विभागबाट अति थोरै मात्रा औषधी आउने र पालिकाले औषधी खरिद गर्दा पनी माग भन्दा ज्यादै थोरै बजेट विनियोजित हुने, खरिद प्रकृया लम्बेतान हुँदा समयमा औषधी ल्याउन नसकिएको।<br><br>२, सहकारी समितिको आयआर्जनमा महिलाहरुलाई शिप र प्रविधीमा अनुदान दिनु पर्ने भन्ने सुझाव अनुसार मागका आधारमा आयआर्जनकालागी |

| | | | | |
|---|---|---|---|---|
| | | ३, कषी उपकरण, मलविउ र अन्य अनुदानका सामान किन्न कर्मचारीको चासो किन भयो ? | हरिचन्द्र ढकाल, प्रमुख प्रशासकीय अधिकृत | सहकारीलाई प्रविधी अनुदान दिएको हो । अन्यथा गरेको छैन ।<br><br>संघ तथा प्रदेशबाट प्राप्त बजेट ससर्तहुन्छन । ति बजेट खर्च हामीले कानुनले तोकेको सर्त अनुसार खर्च गर्ने हो, कानुनले तोकेको क्षेत्रबाहिर कुनै कुरामा हाम्रो छुट्टै चासो छैन । सामान खरिदमा र अन्य कार्यक्रम तथा बजेट खर्च पनि सोही विधीले गर्ने गरेका छौं । |
| ५ | अमृत सापकोटा, ६ | एउटा ब्यवसाय दर्ता गरी अरु ब्यवसाय गर्ने धेरै छन, नियमन कहिले गर्ने ? | लक्ष्मी पुन उपाध्यक्ष | अनुगमन भैरहेको छ, एक पटक सचेत गराएका छौं, छिट्टै दोस्रो अनुगमन गर्छौ उस्तै भेटिए कार्वाही गर्छौं । |
| ६ | श्रीलाल सुवेदी | दुखुखोला-दरवाङ सडक पीच नहुँदा धुलाम्मे भयो पानी हाल्ने वा छिटो पीच गराउन पहल होस, विजुलीको पोल सडकको विचमा हुँदा दुर्घटनाको जोखिम बढेको छ सरोकारवालालाई पालिकाले ताकेता गरोस | बेग प्रसाद गर्वुजा, अध्यक्ष | प्रदेश सरकार अर्न्तगत पूर्वाधार कार्यालयले ठेक्का लगाएको योजना भएकोले हामीले हस्तक्षेप गर्न सक्दैनौं । तर छिटो गर्न र धुलोमा पानी हाल्न र सडकको तारपोल ब्यवस्थापन गर्न पटक पटक भनेका छौं । |
| ७ | हीरा पुन, अध्यक्ष प्याब्सन, स्थानीय राजनितीकर्मी | म दरवाङ आधारभुत अस्पताल ब्यवस्थापन समितिको अध्यक्ष पनि हो, औषधीका कुरा सँधै उठ्छन अनि अस्पतालले पालिका भवन बनाउन पहुँचमार्गमा सहजीकरण नै गरेको छ, मुद्धा दिएको कुरा उठेका छन, काममा वाधा हाल्ने खुलाउनु प¥यो | बेग प्रसाद गर्वुजा, अध्यक्ष | अस्पतालसँग कुनै पालिकाको गुनासो हैन, केही ब्यक्तिले हैरान बनाए, मुखले ठिक्क पार्छन, भित्रभित्र दशतिर फोनगरी वाधा हाल्छन । अस्पताल समेत सवै श्वास्थ्य संस्थामा छिटो र आवश्यक औषधी पठाउन थप बजेट ब्यवस्था गर्छौ । |
| ८, | नगेन्द्र जैसी, विद्यार्थी किसानी कृषी प्राविधिक शिक्षालय | किसानी कृषी प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी मध्य ७५ प्रतिशतबढी जिल्ला बाहिर अझ कर्णाली प्रदेशका धेरै छौं । शैदान्तिक पठाई राम्रो छ तर प्रयोगात्मक पढाईकालागी आवश्यक उपकरणहरु समेत पूर्वाधार पुगेन । न कहिल्यै स्थानीय सरकारको अनुगमन हुन्छ । स्थानीय सरकार र सरोकारवालाको अनुगमन गरिदिनु प¥यो | बेग प्रसाद गर्वुजा, पालिका अध्यक्ष | म आफै सोही ठाउँको हुँ, सोही कृषी प्राविधिक शिक्षालयको शिक्षक/संयोजक पनि हुँ । सवै कुरा जानकारी छ । स्थानीय सरकारको अनुगमन बढाउनु पर्ने कुरा ठिक छ तर प्रयोगात्मक अध्ययन भनेको कक्षा कोठामा रोगी पशु ल्याउने, फलफुल, तरकारी ल्याउने हैन, विद्यार्थी, शिक्षकहरु पनि सृजनशिल बन्नु प¥यो । अहिले कृषकको वारीमा सुन्तलामा औस परेर झरेका छन, वारीमा पुगेर अध्ययन गर्नुस, गाउँमा कृषकको गोठमा गएर पशुचौपाया विरामी छन, अध्ययन गर्नुस । थप उपकरण र पूर्वाधारमा पालिकाले पनि सहयोग गर्न प्रतिवद्ध छ । कृषी प्राविधिक शिक्षालयलाई मात्र लक्षित गरी २० वटा कम्प्युटर एउटा संस्थामा मागेको पनि छु । |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | दिनेश शाही, विद्यार्थी किसानी कृषी प्राविधिक शिक्षालय | मुगुबाट यहाँ आएको छु । प्रयोगात्मक अध्ययनको फिल्ड टाढा भयो, सडक पहुँच नहुँदा मलविउ पुऱ्याउन र कृषी उत्पादन ल्याउन समस्या भयो । सिंचाईको पनि समस्या छ । | बेग प्रसाद गर्वुजा, पालिका अध्यक्ष | एक सिजन, एक दुई दिन मात्र कृषी उत्पादन ल्याएर मात्र भएन सवै सिजन र सवै दिन उत्पादन बजार लैजानेगरी शिक्षालयले पनि योजना बनाउनु पऱ्यो । बजार हामीले सुनिश्चित गरौंला, सिंचाई र सडक योजनामा पनि बजेट व्यवस्थापन हुन्छ । |
| १० | कल्पना घर्ती विद्यार्थी किसानी कृषी प्राविधिक शिक्षालय | हामीले उत्पादन गरेका कृषी उपजले बजार पाउन सकेको छैन, पालिकाले बजार व्यवस्थापन गरिदेवस । | | |
| ११ | अस्कला भण्डारी, विद्यार्थी किसानी कृषी प्राविधिक शिक्षालय | हामी कृषी प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरु पालिकाको इएमएस सिस्टममा समावेश नगरिएकोले निशुल्क पाईने सेनेटरी प्याड समेत पाउन सकेका छैनौं, सवैलाइ वितरण होस | अशोक रिजाल, प्रमुख शिक्षा शाखा | गाउँकार्यापालिकाको कार्यालयमा प्याड प्रशस्त स्टोर छ, विद्यालयले मागेर हुन सक्छ, सवै विद्यार्थीकालागी हो, विभेग भएको छैन । आजै हामीले आवश्यक सेनिटरी प्याड पठाउने व्यवस्था मिलाउँछु । |
| १२ | तमबहादुर पुन | पालिकाले ठेकदार मार्फत गराएका योजनाको आयु एक बर्ष पनि हुँदैन, जनप्रतिनिधी र प्राविधिकहरुले राम्रो अनुगमन गर्नु पऱ्यो । | दीपक सापकोटा, इन्जिनियर, प्रावधिक शाखा प्रमुख | हामीले सक्ने हेरेका छौं । प्रत्यक योजनामा दिनदिनै साईडमा उभिएर बस्न सकिने अवस्था छैन । आफ्नो घरगाउँको योजना भएकोले सवैले अनुगमन गर्नु पर्छ । हामीले नापजाँचमा, गुणस्तरमा कम्प्रमाईज गरेका छैनौं । कतिपय आरसिसि संरचनाहरु आवश्यक क्यूरिङ (पानी हाल्ने) नहुँदा सेट हुन नसकेर छिटो विग्रने हुन्छ । सवैले थप चासो राखौं । |

## सुझावहरु

१ पालिका स्तरिय सार्वजनिक सुनुवाई आयोजना भएकोले सवै टोलवस्तीसम्म सर्वसाधारणले थाहा पाउनेगरी सूचनाहरु जारी गर्नु पर्छ ।

२ सार्वजनिक सुनुवाई गर्दा यसको सार्वजनिक सुनुवाई कार्यविधी र मापदण्ड पालना गर्नु पर्छ ।

३, जनताले उठाएका गुनासो र सुझावा निवेदनलाई  फ्लोअफमा जनप्रतिनिधिले ध्यान दिनुपर्ने

३ सार्वजनिक सुनुवाई कार्यक्रममा सवै जनप्रतिनिधीहरु उपस्थित भै जनताको प्रश्न प्रतिजवाफदेही बन्नु पर्छ ।

४ सेवाप्रवाहलाई समय सान्दर्भिक बनाउनु पर्छ ।

६ बार्षिक प्रगतिलाई फाईल बनाएर वितरण गर्नु पर्ने देखिन्छ ।

**प्रतिवेदन तयार पार्ने**
**घनश्यम खड्का**


सार्वजनिक सुनुवाई


S.K.S.S

